# प्रस्तावहरु (२०७८/०४/३१)

प्रस्ताव नं. १ : गत वैठकमा भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : खानेपानी योजना निर्माणको लागि अनुमती प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : नदीजन्य पदार्थ उत्खननका लागि सम्झौता गरि कार्यादेश प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४ : व्यवसाय दर्ता तथा अनुमति प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५ : सम्पर्क कार्यालय स्थापनाको लागि सिफारिस दिने सम्बन्धमा।

प्रस्ताव नं. ६ : परियोजना संचालनको लागि अनुमती दिने सम्बन्धमा।

प्रस्ताव नं. ७ : म्याद थप गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८ : बजेट उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ९ : उपभोक्ता समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. १० : मनोसामाजिक सहयोग केन्द्र संचालनका लागि बजेट उपलब्ध गराउने सम्बन्धमा।

Scanned with CamScanner

## निर्णयहरु

निर्णय नं. १ :

मिति २०७८ साल श्रावण १८ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २ :

परराष्ट्र मन्त्रालय, जापाने (MOFA) को आर्थिक सहयोगमा सम्वृद्धिको लागि यथायोग्य कार्य संस्था (ISAP) र पिस विन्डस् जापान (PWJ) को सहकार्यमा मेलम्ची नगरपालिका वडा नं. ९ मा खानेपानी पहुँच तथा कृषि आय सुधार आयोजना अन्तर्गत देहाय अनुसारका तीन वटा खानेपानी योजना निर्माण गर्नको लागि अनुमति माग भएको सन्दर्भमा नगरपालिकाको एक घर एक धारा खानेपानी योजना निर्माण गर्ने नीति अनुसार दोहोरो नपर्ने गरी खानेपानी योजना निर्माणको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | खानेपानी योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | पिपलटार खानेपानी आयोजना | मेलम्ची न.पा. ९ | |
| २ | सुनखानी खानेपानी आयोजना | मेलम्ची न.पा. ९ | |
| ३ | खड्काथोक खानेपानी आयोजना | मेलम्ची न.पा. ९ | |

निर्णय नं. ३ :

ईन्द्रावती र मेलम्ची नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट ठूलो परिमाणमा नदीजन्य पदार्थहरु थुप्रिन गई नदीको सतह बढ्न गएको र यसबाट नदीमा रहेको पक्की मोटर पुल, सडक, नदी किनारका बस्ती तथा खेतीयोग्य जग्गा जमिन र संरचनाहरुमा समेत क्षति पुगेको र अझै क्षति पुग्न सक्ने संभावना रहेकोले उक्त पुल, सडक, जग्गा, जमिन र बस्तीको संरक्षण गर्नको लागि ईन्द्रावती र मेलम्ची नदीमा थुप्रिएको नदीजन्य पदार्थहरु निकाली नदीको बहाबलाई Chanellization गरी बीचको धारबाट लैजानको लागि जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७८/०४/१४ गतेको निर्णय तथा जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको च.नं. १६६ मिति २०७८/०४/१९ को पत्रबाट स्वीकृती प्राप्त भएको छ ।

मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढी पश्चात गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका प्रावधान, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्था तथा अन्य प्रचलित ऐन कानून बमोजिम नदीमा थुप्रिएको नदीजन्य पदार्थहरु (ढुङ्गा, गिटी, बालुवा)

Scanned with CamScanner

उत्खनन् तथा बिक्री के कस्तो प्रक्रियाबाट गरी राजस्व संकलन गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रतिवेदन पेश गर्न राजस्व परामर्श समितिलाई निर्देशन दिइएकोमा राजस्व परामर्श समितिले पेश गरेको प्रतिवेदन तथा मेलम्ची र ईन्द्रावती नदीमा आ.व. २०७८/०७९ को लागि ढुङ्गा, गिटी, बालुवाको बिक्री गरी आन्तरिक राजस्व संकलन गर्नको लागि मिति २०७८/०४/०१ मा काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वर स्थित तीनपिप्ले निर्माण सेवासंग गरिएको ठेक्का सम्झौता समेतको आधारमा मिति २०७८ साल असार १ गते र त्यसपछि निरन्तर आएको बाढीको कारण नदीजन्य पदार्थ थुप्रिएर साविकको भन्दा धेरै उकास भएको र नदीमा थुप्रिएको नदीजन्य पदार्थहरु उत्खनन गरी नदीलाई पुरानै धारमा लैजान नसके बाढीबाट बाहुनेपाटी स्थित पक्की मोटरेबल पुल, झोलुङ्गे पुल, सडक, बस्ती लगायतका संरचनामा ठूलो क्षति भई सडक सञ्जाल समेत अवरुद्ध हुन सक्ने स्थितिबाट यस पालिका र अन्य तीन वटा गाउँपालिका समेतको जनजीवन अस्तव्यस्त हुने अवस्था सिर्जना हुने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १४५ मा भएको विशेष परिस्थितमा खरिद गर्ने सम्बन्धी व्यवस्था, नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा (३) को उपदफा (१) मा भएको व्यवस्था तथा अन्य प्रचलित ऐन कानून तथा आ.व. २०७७/०७८ को लागि मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रमा ढुङ्गा, गिटी बालुवा उत्खनन् गरी बिक्री गर्ने ठेक्का तीनपिप्ले निर्माण सेवाकै भएको हुँदा बाढी पश्चात गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा श्रावण र भाद्र महिनामा नदी Chanellization गरी नदी किनारमा रहेका बस्ती, पुल लगायतका भौतिक संरचना संरक्षणको लागि नदीमा थुप्रिएको नदीजन्य पदार्थ उत्खनन् गर्न मेलम्ची नगरपालिकाका प्राविधिक टोली र वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको स्थान र परिमाण मध्ये मिति २०७८/०५/१ गते देखि २०७८/०५/३१ गतेसम्म नदीको बहावलाई निश्चित धारमा लैजनाको लागि ढुङ्गा गिटी बालुवा बिक्री मार्फत राजस्व संकलनको लागि गरिएको पूर्व सम्झौता भन्दा १११२१०० (एघार लाख बाह्र हजार एक सय) घ.फि. मात्र थप उत्खनन् गर्न दिई सो बापतको प्रति घ.फि. रु. ९।– (मू.अ.कर बाहेक) ले हुन आउँने थप राजस्व रकम रु. १०००८९००।– (अक्षरुपी एक करोड आठ हजार नौ सय रुपैयाँ मात्र) लिई आ.व. २०७८/०७९ को लागि ढुङ्गा गिटी बालुवाको बिक्री मार्फत आन्तरिक राजस्व संकलन ठेक्का सरकार गर्ने तिनपिप्ले निर्माण सेवालाई नै पहिलो प्राथमिकता दिने तथा उक्त निर्माण सेवाले सो कार्य नगरेमा अन्य इच्छुक फर्मलाई बाढी पश्चात थुप्रिएको नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्नको लागि थप सम्झौता गरी कार्यादेश दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची राइड सर्भिस प्रा.लि.ले यस मेलम्ची नगरपालिकामा व्यवसाय दर्ता गरी मोटरसाइकल मार्फत यात्रुहरु आवतजावत गर्ने सेवा संचालनको लागि अनुमति माग गरेको हुँदा

Scanned with CamScanner

प्रचलित ऐन कानून र नगरपालिकाले तोकेको शर्त बमोजिम हुने गरी व्यवसाय दर्ता तथा सेवा संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

जिल्ला प्रशासन कार्यालय, काठमाडौमा दर्ता भई मेलम्ची नगरपालिकामा विगत समय देखि कार्य गर्दै आएको ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी, काठमाडौंले यस मेलम्ची नगरपालिका वडा नं. १२, बाहुनेपाटीमा जिल्ला सम्पर्क कार्यालय स्थापना गर्न सिफारिस माग गरेको हुँदा उक्त संस्थालाई सम्पर्क कार्यालय स्थापनाको लागि सिफारिस प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

जिल्ला प्रशासन कार्यालय, काठमाडौमा दर्ता भई मेलम्ची नगरपालिकामा विगत समय देखि कार्य गर्दै आएको मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान नेपाल, काठमाडौंले यस मेलम्ची नगरपालिकामा **"साईन–ईमान्दारिता, सदाचारिता र समानताका लागि विद्यार्थीको पहल"** परियोजना संचालनको लागि अनुमति माग गरेको हुँदा उक्त संस्थालाई नगरपालिकाको प्रत्यक्ष समन्वयमा रही कार्यक्रम संचालन गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :

मेडिलाईन इकुइप्मेन्ट सर्भिस प्रा.लि. ले नगरपालिकाको सम्झौता बमोजिमका अक्सिजन प्लान्ट लगायतका सामाग्रीहरु आपूर्ति गर्न म्याद थपका लागि निवेदन पेश गरेको हुँदा सम्झौताको म्याद मिति २०७८ साल भाद्र १७ गतेसम्म थप गर्ने र इकुइप्मेन्ट जडान गर्नको लागि ताकेता गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :

मेलम्ची नगरपालिका वडा नं. ६ स्थायी निवासी श्री रमेश तामाङले एस.टि. कृषि तथा पशुपंछि उद्योग मार्फत कृषि तथा पशु व्यवसाय संचालनको लागि अनुदान माग गरेको हुँदा कृषि विकास कोषबाट खर्च हुने गरी रु. २०००००|– (अक्षरुपी दुई लाख रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९ :

आ.व. २०७८/०७९ मा नगरपालिका तथा वडा कार्यालयहरुबाट उपभोक्ता समिति मार्फत संचालन हुने गरी बजेट विनियोजन गरिएका योजनाहरु कार्यान्वयन गर्नको लागि सबै वडा कार्यालयलाई मिति २०७८ साल भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गरी पेश गर्न र योजना निर्माण प्रक्रिया अगाडि बढाउन निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १० :

श्री ईन्द्रावती महिला विकास बचत तथा ऋण सहकारी संस्था लि., मेलम्ची नगरपालिका वडा नं. ११ अन्तर्गत आ.व. २०७८/०७९ मा मनोसामाजिक सहयोग केन्द्र संचालनको लागि बजेट उपलब्ध गराइदिन सम्बन्धित संस्थाबाट प्रस्तावना पत्र र निवेदन पेश भएको हुँदा उक्त सहयोग केन्द्र संचालनको लागि महिला बालबालिका तथा सामाजिक समावेशिकरण शाखाको मनोसामाजिक सहयोग केन्द्र संचालन शिर्षकबाट खर्च हुने गरी रु. २,७०,०००।- (अक्षरुपी दुई लाख सत्तरी हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner